# नेपालका आदिवासी/जनजातिहरूको जनसांख्यिक स्थिति, समस्या र चुनौतीहरू

- सोभियत बहादुर राना

पृष्ठभूमि

नेपालमा मानव समुदायको सभ्यताको इतिहास आदिवासी जनजातिहरूबाट भएको मानिएतापनि यिनीहरूको आज पर्यन्त भरपर्दो तथ्यांक पाउन कठिनाई भएको देखिन्छ । यसका मूलभूत रुपमा २ वटा कारणहरू औंल्याइएको छ । प्रथमतः नेपालको एकीकृत आधुनिक इतिहास सन् १७६८ पछि विभिन्न क्षेत्र र भौगोलिक क्षेत्रमा फलेफुलेको जनजातिय भाषा, संस्कृति एवं ऐतिहासिक वैभवहरू पनि वृहत्तर नेपालको इतिहास, धर्म र संस्कृतिमा समाहित हुँदै समयान्तरमा लोप हुने स्थितिमा पुगे भने अर्को तर्फ यहाँका जातजाति एवं उनीहरूको लोप हुने स्थितिमा पुगे भने अर्को तर्फ यहाँका जातजाति एवं उनीहरूको धर्म, संस्कृति एवं भाषा सम्बन्धी पर्याप्त मात्रामा आजसम्म अध्ययन अनुसन्धान भएको पाइएको छैन । यस्तो अवस्थामा राष्ट्रिय योजना आयोग अन्तरगतको केन्द्रीय तथ्यांक विभागद्वारा हरेक दश वर्षमा गरिने राष्ट्रिय जनगणनाको इतिहासमा सन् १९५२।५४ मा नेपालको जात, जाति, भाषा, धर्म जस्ता सामाजिक तत्वहरूको तथ्यांक लिने कार्यको प्रारम्भ भएतापनि तत्कालीन सामाजिक एवं राजनीतिक दृष्टिले एक भाषा, एक धर्मको वर्गीय सोध अनुरुप नेपाललाई एक वृहत्तर हिन्दू राष्ट्रवादको आदर्श संरचनाभित्र समेटि राख्ने अभिप्राय अनुरुप संकलित तथ्यांकलाई प्रकाशमा नल्याएको अनुमान लगाउन सकिन्छ । यसो भएमा मुलुक विखण्डनको दिशातर्फ प्रख्यात गर्न सक्छ भन्ने अर्को मानसिकताको कारण पनि यस्ता सामाजिक, सांस्कृतिक तत्वहरू संकलन, प्रशोधन एवं पर्याप्त विश्लेषण नगरिएको हुनसक्छ । यद्यपि प्रजातन्त्रको पुनर्स्थापना पश्चात सन् १९९१ को राष्ट्रिय जनगणनाले जनजाति समेतको जनसांख्यिक भाषिक एवं शैक्षिक स्थितिले तथ्यांक लिई पहिलो पल्ट प्रकाशन गरी जनसमक्ष ल्याएको पाइन्छ । यो गणनाले नेपालमा ५९ जात जातिको संख्या उल्लेख गरेको थियो भने त्यसको एक दशक पछिको राष्ट्रिय जनगणना, २००१ ले १०० जातजातिको पहिचान गरेको छ । (विस्तृत विवरण अनुसूची १ मा दिइएको छ) यी मध्ये आदिवासी जनजातिको संख्या विभिन्न स्रोत र आधार ५९ पहिचान गरिएको छ । प्रस्तुत लेखमा यिनै जनजातिको तुलनात्मक जनसांख्यिक स्थिति दर्शाउने प्रयास गरिएको छ । यसबाट नेपालका आदिवासी जनजाति सम्बन्धी चासो राख्ने सम्बद्ध व्यक्ति एवं समुदायको जिज्ञासाको परिपूर्ति गर्नमा आंशिक सघाउ पुऱ्याउने अपेक्षा राखिएको छ ।

**आदिवासी जनजातिको परिचय**

आदिवासी जनजातिको सामान्य बुझाई सबैभन्दा पुरानो जाति अथवा मानव समुदाय हुन आउँबछ । यसबाट प्रकृतिसँग निकटतम सम्बन्ध रहेको बोध गराउँछ । अंग्रेजी शब्दकोष Advnced Learner Dictionary ले (Indisenpus Naturally to a particular place) खास Belonging खास भूमिसँग सम्बन्धित जातिको रुपमा लिएको छ भने नेपाली वृहत् शब्दकोषले जंगल फाँडेर खनीखोस्री खाने, सभ्यता, शिक्षा आदिमा पछाडि परेको र नजिकको परिवेशसँग प्रभावित नभएको पछौंटे जाति भनी उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघीय नेपाल मानव विकास प्रतिवेदन, २००४ का अनुसार जनजातिलाई भिन्दै ढंगले परिभाषित गरिएको छ । यष्स प्रतिवेदनका अनुसार अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ अनुसार आदिवासी मानिसहरू भन्नाले विजय वा औपनिवेशीकरण वा

वर्तमान राष्ट्रिय सीमा निर्धौरुण गरिएको समयमा उक्त राष्ट्रमा पर्ने भौगोलिक क्षेत्रमा बस्दै आएका जनसंख्या घटेको आधारमा स्थानीय मानिएका मानिसहरू तथा कानूनी स्थिति जे सुकै भएतापनि केही वा पूर्ण रुपमा आफ्नै सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक संस्थाहरू भएका मानिसहरू नै जनजाति हुन् भनिएको छ ।

विश्व बैंकले आदिवासी जनजातिको पहिचानको लागि निम्न ५ वटा पृथक विशेषताहरू निर्धारण गरेको छ ।

क) पुख्यौली क्षेत्र तथा त्यहाँका प्राकृतिक स्रोतहरूसँगको निकटतम सम्बन्ध

ख) आधिपत्य जमाइरहेको भाषा भन्दा पृथक स्थानीय भाषा

ग) परम्परागत सामाजिक तथा राजनीतिक संस्थाको उपस्थिति

घ) पर्याप्त उत्पादनमा प्राथमिक रुपमा केन्द्रित आर्थिक पणाली र

ङ) भिन्नै सांस्कृतिक समूहका रुपमा स्वर पहिचान तथगा अरुबाट पहिचान गरिएको

(ने.भा.वि.प्रा. २००४, पृष्ठ १९८)

राष्ट्रिय जनजाति विकास समिति, १९९६ ले जनजाति समुदाय त्यो हो जसको आफ्नै मातृभाषा छ र परम्परागत संस्कृति छ र अहिलेसम्म हिन्दू वर्णाश्रम अथवा हिन्दू धर्ममा आधारित जातीय संरचनाको तहमा पर्दैन, त्यो समुदाय नै जनजाति हो भनिएको छ ।

यर्षसैगरी आदिवासी जनजातिको विकासका लागि राष्ट्रिय संस्था ऐन, २००२ ले उक्त ऐनको अनुसूचीमा १ मा सूचीकृत गरिएयका आफ्नै मातृभाषा तथा परम्परागत रीतिथिती, पृथक सांस्कृतिक जनजातिहरू ५९ जनजातिहरू निम्न अनुसार रहेको छन् जसलाईं विभिन्न परिसूचकका आधारमा जनजाति सम्बद्ध आदिवासी जनजाति महासंघले निम्न प्रमुख ५ वर्गमा विभाजन गरेको छ ।

**(क) सङ्कटापन्न समूहहरू**

१) वनकरिया २) कुसुण्डा ३) ककुसबडिया ४) राउटे ५) सुरेल ६) हायु ७) राजी ८) किसान ९) लेप्चा १ञ0) मेचे

**ख) अन्यन्त पाखा परेका समूहहरू**

१) सन्थाल २) झांगड ३) चेपाङ्ग ४) थामी ५) माफी ६) बोटे ७) धातुक (राजवंशी) ८) ल्होमी ( सिङ्गसावा ९) थुडाम्बा १०) सियार (भुम्बा) ११) वारामु १२) दनुवार

**ग) पाखा परेका समूहहरू**

१) सुनुवार २) थारु ३) भुजेल ४) दुमाल ५) राजवंशी (कोच) ६) जनगाई ७) धिमाल ८) भोटे ९) भोटे १०) दराई ११) ताजपुरिया १२) पहरी १३) धोक्पया (तोप्केगोला) १४) डोल्पो १५) फ्रीर १६) मुगल १७) लार्के (नुप्रिवा) १८) ल्होपा १९) दुरा २०) बालुङ्ग

**घ) सुविधाबाट बञ्चित समूहहरू**

१) जिरेल २) ताङ्गवे ताङ्गवेतानी ३) ह्योल्मो ४) लिम्बु ५) याक्खा ६) राई ७) छन्तयाल ८) मगर ९) छैरोल्न १०) तीनगाउले थकाली ११) वाप्ह गाउले १२) व्यासी १३) गुरुङ्ग १४) माझोली थकाली १५) शेर्पा

**ङ) परिस्कृत समूह**

१) नेवार २) थकाली

सानो संख्यामा रहेका सतामन्न समूहहरूमा ........... कुसुण्डा, कुसवडिया, राउटे तथा सुरेलहरू लोपोन्मुख स्थितिमा हायु, राडी, किसान, लेप्चा तथा मोचेहरू जोखिमको स्थितिमा रहेको जनाइएको छ ।

पहिचान पृथक सांस्कृतिक, सामाजिक संरचना तथा आफ्नै लिखित वा अलिखित इतिहास भएका जातीय समूह वा समुदायहरू नै आदिवासी जनजाति हुन भनिएको छ ।

माथि उल्लिखित परिभाषाहरूबाट आदिवासी जनजातिका निम्न लिखित विशेषताहरू पहिचान गर्न सकिन्छ ।

- पृथक सामूहकि पहिचान
- भौतिक, भाषा, संस्कृति, धर्म, परम्परा सभ्यता र रीतिथिति
- परम्परागत सामाजिक संरचना
- निश्चित भौगोलिक क्षेत्रमा बसोबास
- लिखित तथा अलिखित इतिहास
- 'हामी' भन्ने भावना
- सरकार तथा राजनीतिमा निर्णायक भूमिका नभएको
- हिन्दू वर्ण व्यवस्थामा नपरेका
- आर्थिक, सामाजिक रुपले पिछडिएको ।

यी विशेषताहरू भएका नेपालमा ५९ वटा जातीय समुदायहरूलाई श्री ५ को सरकारले आदिवासी जनजाति भनि पहिचान गरेको छ । (नेपाल राजपत्र, फेब्रुअरी, २००२) । यी मध्ये प्रादेशिक विभाजन अनुसार हिमाली क्षेत्रमा १८, पहाडी क्षेत्रमा २३, तराई क्षेत्रमा ११ र भित्री तराई क्षेत्रमा ७ जनजातिहरू रहेका छन् ।

**आदिवासी जनजातिहरूको जनसांस्कृतिक स्थिति**

राष्ट्रिय जनगणना २००१ अनुसार नेपालमा कुल जनसंख्या २,३१,५१,४२३ पुगेको छ । यसमिा आदिवासी/जनजातिहरूको संख्या करीब ८५ लाख (३७.२ प्रतिशत) रहेको छ । यो जनसंख्यामा संख्याका आधारमा ठूला जनजातिहरू निम्न अनुसार रहेको छ ।

| जनजाति समूह | जनसंख्या | प्रतिशत (कूल जनसंख्यामा) |
|---|---|---|
| मगर | 16,22,241 | 7.14 |
| थारु | 15,33,879 | 6.75 |
| तमाङ्ग | 12,82,304 | 5.64 |

| | | |
|---|---|---|
| नेवार | 12,45,232 | 5.48 |
| राई | 6,35,151 | 2.76 |
| गुरुङ्ग | 5,43,571 | 2.39 |
| लिम्बु | 3,59,379 | 1.58 |
| जम्मा | 72,21,937 | 31.77 |

स्रोतः जनगणना, २००१

कुल जनसंख्या माथि उल्लिखित जनजातिहरूको संख्या झण्डै एक तिहाई (३१.७७%) रहेको पाइन्छ अन्य जनजातिहरूको संख्या करिब ५ प्रतिशत रहेको छ । जनजातिय समुदायमा जनसंख्याको दृष्टिले अल्प समुदाय जो लोप हुने स्थितिमा रहेका छन् । उनीहरूको संख्यामा यस प्रकार रहेको छ ।

| जनजाति | जनसंख्या |
|---|---|
| कुसुण्डा | 164 |
| कुसवडिया | 552 |
| ह्योल्मो | 579 |
| राउटे | 658 |
| बालुङ्ग | 1148 |
| कोचे | 1429 |
| हायु | 1821 |
| जम्मा | 6350 |

यी अल्पसंख्यक जनजातिहरूको जनसंख्या कुल जनसंख्याको ०.०३ प्रतिशत भन्दा कम रहेको छ ।

जातिगत रुपमा हेर्दा सबैभन्दा धेरै जनसंख्या क्षेत्रीहरूको (१५.८०%) रहेको छ भने पहाडी ब्राम्हणहरूको जनसंख्या (१२.७४%) रहेको छ । मुसलमानहरूको जनसंख्यष ४.२७ प्रतिशत रहेको छ भने १९ वटा दलित जातिहरूको जनसंख्या १२.९ प्रतिशत रहेको छ ।

यो तथ्यांङ्कबाट स्पष्ट हुन्छ कि नेपाल एक वहुजातीय राष्ट्र हो जहाँ उल्लेख्य संख्यामा आदिवासी जनजाति संख्या अत्यन्त अल्पसंख्यामा रहेकोले उनीहरूको जातीय पहिचान संरक्षण गरिनुपर्ने स्थितिमा रहेको छ ।

**नेपालमा जातिगत वाहुल्यता भएका जिल्लाहरू, २००१**

| जातीय समूह | जिल्लाको संख्या | जिल्लाको नामहरू |
|---|---|---|
| मगर | ७ | तनहू, म्यागदी, वाग्लुङ, पाल्पा, नवलपरासी, प्युठान र रोल्पा |
| तमाङ्ग | ७ | सिन्धुली, नुवाकोट, रसुवा, धादिङ्ग, |

| | | |
|---|---|---|
| | | मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक |
| राई | ६ | इलाम, धनकुटा, संखुवासभा, भोजपुर, सोलुखुम्बु र खोटाङ्ग |
| गुरुङ्ग | ४ | गोर्खा, लमजुङ, मनाङ्ग र मुस्ताङ्ग |
| थारु | ४ | सुनसरी, दाङ्ग, बर्दिया, कैलाली |
| लिम्बु | ३ | ताप्लेजुङ्ग, पाँचथर |
| नेवार | ३ | काठमाडौं, ललितपुर, भक्तपुर |

यस तथ्याङ्कबाट देखिन्छ कि नेपालमा ३४ जिल्लाहरूमा जनजातिहरूको वाहुल्यता रहेको छ भने २१ जिल्लाहरूमा क्षेत्रीहरूको र १० जिल्लाहरूमा ब्राम्हणहरूको जनसंख्या अरुको भन्दा बढी रहेको छ । यसैगरी ५ जिल्लामा यादवहरू र ५ जिल्लामा मुसलमानहरूको जनसंख्या बढी छ । (विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।)

स्रोतः जनगणना, २००२, नेपाल ।

**साक्षरता र जनजाति**

सन् २००१ को स्थितिमा नेपालको साक्षरता दर ५३.८ प्रतिशत (६ वर्ष र सोभन्दा माथिको) रहेको छ । यसमा पुरुष साक्षरता ६५ प्रतिशत र महिला साक्षरता ४२.५ प्रतिशत रहेको छ । जातिगत रुपमा सबैभन्दा उच्च साक्षरता जैन (९३.९४ प्रतिशत) को रहेको छ भने सबैभन्दा कम साक्षरता मुसहरको ( ७.२८ प्रतिशत) रहेको छ । जनजातिहरूमा सबैभन्दाउच्च साक्षरता थकालीको (७५.६५ प्रतिशत) र नेवारको (७१.२२ प्रतिशत) रहेको छ । अन्य प्रमुख जनजातिहरूको साक्षरताको दर यस प्रकार रहेको छ ।

मगर ५५.९ प्रतिशत

थारु ४७.१८ प्रतिशत

तमाङ्ग ४५.०४ प्रतिशत

राई ५८.१९ प्रतिशत

…… ५९.७९ प्रतिशत

…… ५८.१२ प्रतिशत

शैक्षिक रुपमा अगाडि रहेका पहाडी ब्राम्हणहरूको साक्षरतादर ७४.९० र क्षेत्रीहरूको साक्षरता दर ६०.११ प्रतिशत रहेको देखिन्छ । (स्रोत, जनगणना, २००२)

यसैगरी उच्च शिक्षाको स्थितिलाई दृष्टिगत गर्दा जनजातिहरूमा स्नातक वा सो भन्दा माथिको शैक्षिक उपाधि प्राप्त गर्नेहरूको संख्या सबै भन्दा धेरै नेवार जातिमा (१३.५१ प्रतिशत) रहेको छ भने मगरहरूको २.१६, थारुहरूको १.६९, राईहरूको १.२५, र गुरुङ्गहरूको १.०७ प्रतिशत रहेको देखिन्छ । अन्य जनजातिहरूमा यषि उच्च स्तरको शैक्षिक उपाधि प्राप्त गर्नेहरूको संख्या १ प्रतिशत भन्दा कम रहेका छन् ।

माथिल्लो स्तरको शैक्षिक उपाधि प्राप्त गर्नेहरूको संख्या सबैभन्दा बढी पहाडी ब्राम्हणहरूको (४१.४८ प्रतिशत) रहेको छ भने क्षेत्री, ठकुरीहरूको १८.२५ प्रतिशत रहेको छ । तराईका माथिल्ला जातिहरूको प्रतिशत ६.२५ रहेको छ ।

यस तथ्यांकबाट के देखिन्छ भने नेपालमा शैक्षिक स्थितिमा सबैभन्दा राम्रो ब्राम्हण, नेवार, क्षेत्री, ठकुरीहरूको रहेको छ । साक्षरताको पिस्थतिमा औसत राष्ट्रिय स्तरभन्दा मापिथ भएपनि जनजातिहरूश्रको शैक्षिक स्थिति अद्यापि न्यून स्तरको रहेको छ । न्यून शैक्षिक स्थितिको कारण सामाजिक, आर्थिक तथा राजनैतिक प्रक्रियामा सहभागिताको स्थिति न्यून हुने स्थिति रहन्छ । असशक्तिकरणको प्रक्रिया त्यहींबाट प्रारम्भ हुन्छ ।

**धर्म र जनजातिको संख्या**

नेपालमा धर्मअनुसारको जनसंख्या निम्न अनुसार रहेको छ ।

| धर्म | जनसंख्याको प्रतिशत |
|---|---|
| हिन्दू | 80.62 |
| बौद्ध | 10.74 |
| मुस्लिम | 4.20 |
| किराँत | 3.60 |
| जैन | 0.02 |
| क्रिश्चिन | 0.45 |
| बहाई | 0.02 |
| अन्य | 0.01 |
| उल्लेख भएको | 0.34 |
| जम्मा | 100.00 |

स्रोतः जनगणना, २००१

हिन्दू धर्मावलम्बीहरूको संख्या सन् १९८१ पछि क्रमशः घटिरहेको छ । यो संख्या सन्. १९८१ मा ८९.५% रहेकोमा १९९१ मा ८६.५१ प्रतिशत रहेको थियो भने अर्कोतर्फ बुद्ध धर्मावलम्बीहरूको संख्या सन्. १९८१ मा ५.३२ प्रतिशत रहेकोमा ......... प्रतिशत बढेर सन् २००१ मा १०.७४ प्रतिशत पुगेको छ । यसो हुनुमा जनसंख्या बढेर मात्रा नभै तथ्यांकीय महत्व एवं चेतना वृद्धि भएकोले गणनाको क्रममा बुद्ध धर्म लेखाउने प्रवृत्ति बढ्नाले हो भन्न सकिन्छ ।

जातिगत रुमपा अवलोकन गर्दा १० मुख्य जातिहरू मध्ये ब्रम्हण, क्षेत्री, यादव, ठकुरीहरू झण्डै शतप्रतिशत मानिसहरू हिन्दू धर्मावलम्बी रहेका छन् भने दलितहरूमा कामी, दमाई, सार्की जातिहरूमा झण्उडै ९७ प्रतिशत हिन्दू धर्मावलम्बीहरू रहेका छन् ।

जनजातिहरूमा सबैभन्दा धेरै हिनदू धर्मावलम्बी थारुहरूको (९७.६प्रतिशत) रहेको छ भने नवारको ८४.१ र मगरहरूको ७४.६ प्रतिशत रहेको छ ।

(स्रोतः जनगण्ना, २००१, नेपाल)

यसैगरी बुद्ध धर्मावलम्बीहरूमा जनजाति समुदायमा रहेका छन् । वुद्ध धर्मावलम्बीहरूमा ह्योल्मो ९८.४, शेर्पा ९२.८, तामाङ ९०.३, तेप्चा ८८.८, जिरेल ८७.० र गुरुङ्ग जातिहरूमा ६९.० प्रतिशत रहेका छन् भने मगरहअरुमा २४.५ प्रतिशतले बुद्ध धर्म अवलम्वन गरेका छन् । अन्य जनजातिहरूमा नेवार १५.३, भोटे, ६०.५, थकाली ६५, छन्तेल ६४.२, प्रीतशतले वुद्ध धर्म अंगालेका छन् ।

सन् १९९१ देखिको जनगणनामा समावेश गरिएको किराँत धर्मावलम्बीहरूको संख्या सन् २९००१ मा ३.६० प्रतिशत रहेको छ । यो संख्या सन् १९९१ मा १.७२ प्रतिशत मात्र उल्लेख गरिएको थियो । किराँत धर्मावलम्बीहरूमा सबैभनदा धेरै लिम्बु ८६.३, याक्खा ८१.४, राई ७०.९ र सुनवारको १७.४ प्रतिशत रहेको छ ।

क्रिश्चियन धर्मावलम्वीहरूमा तमाङ्ग १.९, राई २.१, मगर ०.५, चेपाङ्ग ८.८, लिम्बु, १.२, प्रतिशत रहेका छन् । क्रिश्चियन धर्मावलम्बीहरूमा सबैजसो दलित एवं जनजाति समुदायका रहेका देखिएका छन् ।

**भाषा र जनजाति**

सन् २००१ को जनगणना अनुसार नेपालमा ९२ वटा भाषाहरूको पहिचान भएकोृ छ ।, यी भाषाााहरूलाई निम्न अनुसार वर्गिकरण गरी देखाइएको छ ।

प्रमुख भाषा समूह

| **इण्डो अर्थात् (प्रतिशत)** | **तिब्बती-वर्णन (प्रतिशत)** | **अष्ट्रो एसियाटिक (प्रतिशत)** | **द्रविडियन (प्रतिशत)** | **अन्य (प्रतिशत** |
|---|---|---|---|---|
| नेपाली ४८.६१ | मगर ३.३९ | सन्थाल ०.१८ | ०.१० | ०.१३ |
| मैथिली १२.३० | तामाङ्ग ५.१९ | सतार ०.०२ | | |
| भोजपुरी ७.५३ | नेवार ३.६३ | जम्मा ०.२० | | |
| थारु  ५.८६ | गुरुङ्ग १.४९ | | | |
| अवधि २.४७ | लिम्बु १.४७ | | | |
| राजवंशी ०.५७ | भोटे, शेर्पा ०.५७ | | | |
| हिन्दी ०.४७ | सुनवार ०.१२ | | | |
| उर्दू ०.७७ | दनुवार ०.१४ | | | |
| जम्मा ७९.१% | थकाली ०.०३ | | | |
| | राई किराँत २.३७ | | | |
| | १८.४ | | | |

नोटः उल्लेख नभएको २.२ प्रतिशत ।

यस तथ्यांकबाट अवगत हुन्छ कि आदिवासी जनजातिहरू मध्ये थारु र राजवंशीहरूको भाषा इण्डो यूरोपियन समुदाय अन्तरगतको इण्डो अर्थात समूहमा पर्दछ भने १८ प्रतिशत जनजातिय भाषिक समुदायहरू सिनो-तिब्बती समुदाय अन्तरगतको तिब्बतको वर्णन र बाँकी अष्ट्रो एशियाहिक अन्तरगतका भाषिक समूहहरू रहेका छन् । यसबाट के पनि अवगत गर्न सकिन्छ भने नेपालका कुन भाषा समुदायहरू

मध्ये एक यौवाह भाषा समुदायहरू आदिवासी जन जातिले बोल्ने भाषा समूहहरू रहेका छन् । भाषा, लिपि वास्तवमा कुनै पनि मुलुकको राष्ट्रिय विधि हो, तर नेपालमा राष्ट्रिय नीधिका रुपमा रहेका यी राष्ट्रिय भाषाहरूको संरक्षणमा यथेष्ट ध्यान नजाने यी भाषाको भविष्यको सुनश्चिय अत्यन्त जोखिममा परेको महसुस गरिएको छ ।

माथिको तथ्यांकबाट बोध हुन आउँछ कि नेपाल एक बहुजातीय, बहुभाषिक एवं बहुसांस्कृतिक मुलुक हो । नेपालका स-साना स्वायत्त राज्यहरू एकीकृत नेपालको सीमानामा आबद्ध गरिएपछि संकुचित हुन पुगेको यो विविधताको वास्तविकतालाई सन् १९९० को राजनीतिक परिवर्तन पश्चात निर्मित संविधान, २०४७ मात्रले स्वीकारेको छ । (भाग १, धारा ४ (१) र मातृभाषाका रुपमा बोकिने भाषालाई राष्ट्रिय भाषाका रुपमा मान्यता प्रदान गरिएको छ । यद्यपि, मुलुकको राजनीतिक, आर्थिक एवं सामाजिक विकासको प्रक्रियामा जनसंख्याको उल्लेख्य हिस्सा ओगटेका आदिवासी, जनजाति एर्वं दलितहरू वञ्चितिकरणको पीडा भोग्नुपरेको स्थिति रहेको छ । राजनीतिक क्षेत्रमा उल्लेख्य सहभागिता हुन नसकेको दृष्टान्त विघटित संस्दको निम्न संरचनाबाट स्पष्ट हुन आउँछ ।

विघटित संसदमा जातीय समूहको प्रतिनिधित्व १९९९

प्रतिनिधि सभा

| | नेकपा एमाले | नेपाली कांग्रेस | राप्रपा | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| कुल प्रतिस्पर्धी उम्मेदवारहरू | 195 | 205 | 195 | 1643 | 2238 |
| कुल निर्वाचितहरू | 71 | 111 | 11 | 12 | 205 |
| आदिवासी जनजातिबाट प्रतिस्पर्धीहरू | 71 | 83 | 89 | 924 | 1167 |
| निर्वाचितहरू | 26 | 40 | 7 | 5 | 78 |
| दलितबाट प्रतिस्पर्धीहरू | 2 | 0 | 2 | 78 | 82 |
| निर्वाचितहरू | 0 | 0 | 0 | 0 | 0 |
| महिला प्रतिस्पर्धीहरू | 12 | 14 | 14 | 103 | 143 |
| निर्वाचितहरू | 6 | 5 | 1 | 0 | 12 |

स्रोतहरू : निर्वाचन आयोग, १९९९

**राष्ट्रिय सभा**

| संसद | ब्राम्हण/क्षेत्री | मंगोल/किरातँ | नेवार | मधेसी | दलित | जम्मा |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रतिनिधिसभा | 105 | 56 | 20 | 24 | 0 | 205 |
| राष्ट्रियसभा | 20 | 15 | 9 | 12 | 4 | 60 |

स्रोतः निर्वाचन आयोग, १९९९

माथिको तालिकाबाट देखिन्छ कि प्रतिनिधिसभाको कुल उम्मेदवारमा आदिवासी जनजातिहरूको प्रतिस्पर्धी ५२ प्रतिशत मध्ये निर्वाचित भने कुल सित संख्याको ३८ प्रतिशत रहेको थियो । जातिगत रुपमा हेर्ने हो भने प्रतिनिधि सभाको कुल सिट २०५ मध्ये आदिवासी/जनजातीहरूको प्रतिनिधित्व नेवार सहित ३७ प्रतिशत देखिन्छ । यसमा ब्राम्हण/क्षेत्रीहरूको प्रतिनिधित्व ५१ प्रतिशत रहृको थियषे । राष्ट्रिय सभामा कुल ६० सिट मध्ये आदिवासी/जनजातिहरूको प्रतिनिधित्व ४० प्रतिशत रहेको देखिन्छ । यद्यपि, दलगत राजनीतिमा दलीय स्वार्थको प्रभाव बढी हुने हुँदा नीति निर्माण एवं जनजातिय मुद्दाहरूमा सारै थोरै समय व्यतित भएको अनुभव गरिएको छ । यसैगरी मुख्य राजनीतिक दलहरूको केन्द्रीय समितिमा आदिवासी जनजातिहरूको उपस्थिति निजामति सेवामा राजपत्रांकित अधिकृत स्तरका आदिवासी जनजातिय प्रतिनिधित्व, १९८३, २००२ (प्रतिशतमा)

| जात/जाति | 1984/85 | 1986/87 | 1988/89 | 1990/91 | 1992/93 | 1994/95 | 1996/97 | 1998/99 | 2001/02 |
|---|---|---|---|---|---|---|---|---|---|
| ब्राम्हण/क्षेत्री | 69.3 | 64.5 | 69.9 | 67.3 | 80.5 | 81.1 | 83.1 | 83.4 | 87.0 |
| नेवार | 18.6 | 23.4 | 18.8 | 18.5 | 10.7 | 9.7 | 9.4 | 7.9 | 8.7 |
| आदिवासी/जनजाति (नेवार बाहेक) | 3.0 | 2.9 | 1.6 | 2.4 | 2.5 | 1.8 | 1.7 | 1.5 | - |
| तराई क्षेत्रका जातिहरू (ब्राम्हण, राजपुत, दलित बाहेक) | 8.5 | 8.1 | 9.0 | 10.2 | 5.3 | 6.8 | 5.5 | 6.7 | 3.3 |
| मुसलमान | 0.6 | 0.7 | 0.2 | 0.6 | 0.6 | 0.4 | 0.2 | 0.5 | 0.5 |
| जम्मा | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 100 | 99.5 |

स्रोत : लोकसेवा आयोगका बुलेटिनमा आधारित मानव विकास प्रतिवेदन, २००४

यसमिा आदिवासी जनजातिहरूको सन् २००१/२००२ को तथ्यांक समावेश छैन । यद्यपि, निजामती सेवामा जनजातीय प्रतिनिधित्व अत्यन्त न्यून रहेको छ ।

माथि प्रस्तुत तथ्यांकहरूबाट अवगत गर्न सकिन्छ कि मुलुकको शासन व्यवस्था तथा नीति निर्माण प्रक्रियामा जनजातिहरूको निर्णायक भूमिका छैन ।

पमर्यादित पेशा तथा जातीय आधारमा १० वर्ष तथा सोभन्दा माथिको उमेरको आर्थिक रुपवमा सक्रिय जनसंख्या प्रतिशतमा, २००१ ।

| | व्यवस्थापक तथा व्यवसायीहरू | सहायक व्यवस्थापक | कार्यालय सहायक |
|---|---|---|---|
| थकाली | 8.24 | 3..21 | 1.88 |
| नेवार | 6.39 | 3.70 | 3.80 |
| गुरुङ | 2.22 | 1.32 | 1.82 |
| याक्खा, छन्तेल, जिरेल, दरै दुरा | 2.12 | 1.14 | 0.84 |
| लिम्बु | 2.08 | 0.80 | 1.03 |
| राई | 1.97 | 1.00 | 1.22 |
| वंशी हयोल्मो, भोटे, वालुङ | 1.76 | 0.55 | 1.23 |
| मगर | 1.74 | 0.75 | 1.25 |
| तामाङ | 1.61 | 0.91 | 1.61 |
| भुजेल, छ्याला, सुनवार, वरायु, पहरी | 1.02 | 0.54 | 0.01 |
| माझी, दनुवार, थारु, लेप्पा | 1.03 | 0.51 | 1.73 |
| चेपाङ, बोटे, राजी, हस्यु, राउटे | 0.76 | 0.54 | 0.89 |
| धानुक | 0.31 | 0.26 | 1.00 |
| राजवंशी, ताजपुरीया, गनगाई, धिमाल, मेचे, किरात, मुण्डा | 1.58 | 1.16 | 2.52 |
| थारु | 1.34 | 0.52 | 1.13 |
| | 1.1 | 0.81 | 1.90 |
| सन्थाल, झांगर, कोथे, कसवडिया, कुसुण्डा | 0.65 | 0.17 | 1.06 |
| पहारी ब्राम्हण | 9.09 | 4.83 | 4.13 |
| दलित (पहाड) | 0.45 | 0.31 | 0.55 |
| दलित (तराई) | 0.30 | 0.26 | 1.06 |

स्रोतः ......................

तथ्यांकले बताउँछ कि जागीर जस्तो सम्मानजनक पेशामा जनजातिहरूमा थकाली र नेवारहरूको अनुपात करिब पहाडी ब्राम्हणहरूको बराबरी छ । यिनीहरूमध्ये ६८ प्रतिशतसम्म उच्च व्यवस्थापक एवं वरिष्ठ पदमा कार्यरत रहेको पाइन्छ ।

यसैगरी न्यायिक क्षेत्रमा २.४ र कुल सरकारी राजपत्रांकित पदमा २.३ प्रतिशत आदिवासी जनजातिहरूको उपस्थिति राहेको स्थितिबाट यिनीहरूको शासन व्यवस्थामा न्यून सहभागिता रहेको प्रष्ट हुन्छ ।

यसैगरी आर्थिक रुपले जनजातिहरूको स्थिति न्यून स्तरको रहेको कुरा निम्न तथ्यले देखाउँछ ।

जनजाति तथा खेतको आकारको आधारमा स्वआर्थित जमीन भएका घरपरिवारको वितरण प्रतिशतमा, २००२ ।

| जनजाति/ जात | भूमिहीन | अर्धभूमिहिन (२० एकडभन्दा कम) | सीमान्त कृषकहरू (०.२१-१ एकड) | साना किसान (१.०१-२ एकड) | अर्धमध्यम किसान (२.०१-४ एकड) | मध्यम किसानहरू (४.०१-१० एकड) | ठूला किसान (१०.०१ देखि बढी) |
|---|---|---|---|---|---|---|---|
| आदिवासी समूह | | | | | | | |
| सन्थाल, झांगर, किसान, मुण्डा | 58.46 | 4.91 | 10.44 | 7.07 | 9.5 | 8.76 | 0.87 |
| राउटे, कुसवडिाय, कुसुण्डा | 46.12 | 6.12 | 20.41 | 15.51 | 9.39 | 2.04 | 0.41 |
| कोचे, गनगाई, धिमाल, ताजपुरिया, मेचे | 45.78 | 6.12 | 10.89 | 9.09 | 11.85 | 12.88 | 3.39 |
| धानुक | 34.04 | 7.79 | 25.66 | 14.2 | 10.67 | 6.45 | 1.2 |
| शेर्पा, भोटे, वालुङ्ग | 32.4 | 3.81 | 20.45 | 18.27 | 14.35 | 8.67 | 2.04 |
| माझी, बोटे, राजी | 31.64 | 15.07 | 28.91 | 14.22 | 7.11 | 2.71 | 0.33 |
| गुरुङ्ग | 26.86 | 6.36 | 30.53 | 21.5 | 11.1 | 3.25 | 0.41 |
| थारु | 22.83 | 6.36 | 17.93 | 15.65 | 19.25 | 85.18 | 2.76 |
| कुमाल, सुनवार, | 20.04 | 10.59 | 32.84 | 20.28 | 11.6 | 4.13 | 0.51 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| दनुवार भुजेल, पहारी, वरायु | | | | | | | |
| आदिवासी/ जनजाती | | | | | | | |
| राई | 2.04 | 4.89 | 24.97 | 24.24 | 17.69 | 7.4 | 0.76 |
| तामाङ्ग | 16.69 | 6.93 | 31.29 | 26.73 | 14.18 | 3.85 | 0.32 |
| लिम्बु | 15.83 | 4.57 | 27.06 | 25.0 | 18.67 | 7.85 | 0.91 |
| मगर | 14.41 | 5.88 | 33.33 | 26.53 | 14.71 | 4.51 | 0.53 |
| जातीय समूह | | | | | | | |
| दलित( तराई) | 43.98 | 9.89 | 26.19 | 11.3 | 6.01 | 2.29 | 0.34 |
| दलित( पहाड) | 15.32 | 15.24 | 45.55 | 17.25 | 6.14 | 1.27 | 0.24 |
| मुसलमान | 40.37 | 6.39 | 19.54 | 13.18 | 11.19 | 7.4 | 1.94 |
| नेपाल | 24.44 | 6.98 | 27.59 | 20.15 | 13.42 | 6.25 | 1.17 |

स्रोत : के.त.वि. २००२ (क)

यस तालिकाबाट नेपालका लोप हुन लागेका संकटामन्न जनजातिका झण्डै आधार जनसंख्या भूमिहीन रहेको देखिएको छ भने जमीन भएकाहरूको पनि अत्यन्त थोरै परिमाणमा जमीन रहेको छ । जनसंख्याको आधारमा ठूला मानिएका मगर, थारु, तामाङ, राई, गुरुङको पनि २० प्रतिशतको जमीन नभएको देखिन्छ । ठूला किसान जसको १० एकड भन्दा बढी जमीन छ, माथि जनजातीहरू समेतको न्यून स्वामित्व रहेको छ । कृषि प्रधान मुलुक जहाँ ८० प्रतिशत भन्दा बढी, मानिसहरू कृषिमा आश्रित छन्मा भूमिको अभावमा उनीहरूको आर्थिक अवस्था आंकलन गर्न सकिन्छ । झण्डै ८० प्रतिशत आदिवासी सिमान्त कृषकहरू (एक एकडभन्दा कम भूमि भएका) अथवा साना किसान (१-२ एकड भूमि भएका) भएकाले यी जनजातीहरूश्र गम्भीर खाद्य संकटको सामना गरिरहेको स्थिति छ । (मानव विकास प्रतिवेदन, २००४) यसबाट न्यून पोषण (कुपोषण को समस्या जसले कमजोर स्वास्थ्यको संकेत गर्दछ । स्वास्थ्य स्थिति सम्बन्धी जातीगत तथ्यांक उपलब्ध हुन सकेको छैन । यद्यपि राष्ट्रिय जनगणना, २००१ का अनुसार अधिकांश जनजातिहरूको शौचालयको व्यवस्था छैन । अति पिछडिएका जनजातिहरू: झाँगड, गनगाई, धानुक, सन्थाल जस्ता मानिसहरूको झण्डै ९० प्रतिशत भन्दा बढीको शौचालय छैन, भएकाहरूको पनि साधारण खालको छ । धेरै संख्याका जनजातिहरूमा खानेपानी तथा सरसफाई सम्बन्धी सुविधाको न्यून पहुँच रहेको स्थिति छ । विकट भौगोलिक क्षेत्र एवं सामाजिक, सांस्कृतिक कारण र। परिवेशको कराण ग्रामीण र विकट क्षेत्रका अधिकांश जनजातिहरूमा आधुनिक स्वाथ्य सेवा लिने बानी

छैन भएकाको पहुँच न्यूनछ- जसबाट यिनीहरूको जीवन जोखिमको स्थितिमा रहेको सहज अनुमान गर्न सकिन्छ ।

यी माथिको स्थिति एकाएक आएको होइन । आधुनिक नेपालको निर्माण अघि देखि नै विभिन्न भौगोलिक क्षेत्रमा नितान्त प्रकृतिसँग सामिप्यता राखी आ-आफ्नै समुदायको धार्मिक, सामाजिक एवं सांस्कृतिक परम्परा र सभ्यतामा हुर्केका यी आदिवासी जनजातिहरू सन् १७६८ को एकीकृत नेपालमा समाहित मात्र भएनन्, विस्तारै यिनीहरूको भाषा, संस्कृति, परम्परा, धर्म पनि एकीकृत नेपालको एक भाषा, एक धर्म, एक संस्कृतिको अघोषित राजकीय नीतिमा संक्रमित हुन पुगेको बताइएको छ । इतिहासको लामो काल खण्डमा यी जनजातिहरूको केही आफ्नै सामाजिक एवं सांस्कृतिक कारण र बढी मात्रामा राज्य पक्षको वेवास्ताको कारण राज्यको सामाजिक, आर्थिक तथा राजनीतिक प्रक्रियामा टाढा रहने स्थिति रह्यो । परिणामतः जनजातिहरूको अवस्था विस्तारै कमजोर बन्दै गयो । कमजोरी र गरिबीको कारण उनीहरूको प्रभाव स्वभावत राजनीति अर्थतन्त्र तगथा पूर्वाधारको विकासमा न्युन सहभागिता हुन गै राज्यको तर्फबाट उपलब्ध गराउनुपर्ने सेवा र सुविधामा समेत यिनीहरूको पहुँच कम हुन गयो । यसो हुनु भनेको असशक्तिकरण हो । यही असशक्तिकरणको कारण २१औं शताब्दिको संघार टरिसकेको आधुनिक नेपालमा जनजातिहरूको स्थिति अझै पाषाणयुगिन प्रकृतिको रहेको छ । यस्तो अवस्थामा माथि उल्लेखित परिणाम अस्वाभाविक र अप्रत्यासित होइन ।

**आदिवासी जनजातिहरूको उत्थानका लागि भएका प्रयासहरू**

मानव इतिहासको लामो काल खण्डसम्म धार्मिक, सामाजिक, राजनीतिक, आर्थिक एवं सांस्कृतिक रुपमा अपहेलित र अपमानित हुनु परेको पीडा अनुभूति गरिरहेका जनजातिहरूमा शिक्षा र चेतनामा आएको सुधारले उन्मुक्तिको निकास खोजीरहेको स्थिति सन् १९९० को राजनीतिक परिवर्तन पश्चात निर्मित संविधान मात्राले नेपाललाई एक बहुजातीय तथा बहभाषिक राष्ट्रको रुपमा स्वीकार्दै मातृभाषाका रुपमा बोलिने सबै भाषाहरूबाटै राष्ट्रिय भाषाको मान्यता प्रदान गऱ्यो । यसै अनुरुप मुलुकमा संघसंस्था खोल्ने मौलिक हकको उपभोग गर्दै विभिन्न समुदायका जातीय संघ संगठनहरू स्थापित भए ।

यस्ता संगठीत संस्थाहरूको जनजातीय भाषा संस्कृतिको संरक्षण र सम्विर्धन गरिनुपर्ने मागको प्रतिक्रिया स्वस्थ सन् १९९२ मा जनजाति सम्बन्धी राष्ट्रिय आयोग तथा सन् १९९३ मा राष्ट्रिय भाषा सम्बन्धी सुझाव आयोग गठन गरियो । यसै आयोगको सुझाव अनुरुप ११ जनजातीय भाषामा प्राथमिक तहको पाठ्यक्रम विकास गरी सम्बन्धित समुदायले विद्यालयमा सञ्चालन गर्न सक्नेसम्मको छुट दिइएको छ । सन् १९९४ मा जनसंख्या र विकाससम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन, १९९४ (कायरो) ले आदिवासी जनजातिको विशिष्ट दृष्टिकोण र आवश्यकता हुने कुरालाई स्वीकार्दै विकास प्रक्रियामा उनीहरूलाई समावेश गरिनुपर्नेमा जोड दिइएको र उक्त सम्मेलनले पारित गरेको कार्ययोजना कार्यान्वयन गर्न नेपालले प्रतिबद्धता जनाए अनुरुप तत्पश्चातका योजनामा आदिवासी/जनजातिहरूको आवश्यकतालाई सम्वोधन गर्ने गरिएको छ । चालु दशौं योजनामा पिछडिएका जनजातिहरूलाई लक्षित गरी समावेशी विकास नीति तथा प्रक्रिया अवलम्बन गरिने जनाइएको छ । राष्ट्रिय तथा स्थानीय स्तरमा विभिन्न सामाजिक संघ, संगठनहरू भाषा, संस्कृति र जातीय उत्थान गर्नमा लागि परेका छन् । विभिन्न जनजातीय संगठनहरूको छाता संगठनको रुपमा नेपाल जनजाति महासंघ स्थापना गरिएको छ भने श्री

५ को सरकारले सन् २००३ मा यस अघि गठित राष्ट्रिय जनजाति विकास समितिलाई आदिवासी जनजाति उत्थान राष्ट्रि प्रतिष्ठानमा स्पान्तराण गरी पिछडिएका जनजातिहरूको उत्थानमा चासो देखाएको छ। एशियाली विकास बैठकको सहयोगमा सञ्चालित साशकीय सुधार कार्यक्रममा पितडिएका जनजातिहरूलाई प्रशासनमा प्रश्रय र प्राथमिकता दिने नीति अघि सारिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय स्तरको निकाय(गाविस, नपा तथा जिविस परिषद्) मा प्रतिनिधित्व हुन नसकेका पिछडिएका जनजातिहरूको मनोनयनद्वारा प्रतिनिधित्व गराउने व्यवस्था गरिएको छ ।

**निष्कर्ष र सुझाव**

यतिका काशी, नीतिगत तथा संस्थागत प्रयासका वावजुद जनजातिहरूले राज्य पक्षबाट जनजाति समुदायको उत्थानमा यथेष्ट ध्यान नपुराएको गुनासो गरेका छन् । धर्म, वर्ण, जात जातिका आधारमा राज्यले नागरिक माथि भेदभाव नगरिने संवैधानिक मौलिक हकको व्यवस्था एवं प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्धन गर्ने अधिकार मात्रको व्यास्थाले भाषा, संस्कृति एवं जातीय उत्थानको जुन अनुपातमा जनजातीय समुदायहरूले राज्यपक्षबाट अपेक्षा राखेका छन् सो नभएको उनीहरूको अनुभूति रहेको पाइएको छ । यसो नहुनुमा स्वाभाविक प्रक्रिया हो किनकी संवैधानिक व्यवस्था एवं कानूनी संरिचना आफै क्रियाशील हुँदैनन्, ती मार्गदर्शक मात्र हुन, यसको सफलता शासन व्यवस्थामा सरीक भएका एवं नीति निर्माण तहमा संलग्न हुनेहरूको क्रियाशीलतामा निर्भर रहन्छ । तर माथिका तथ्यहरूले बताउँछ कि यस्तो प्रक्रियामा जनजातीय समुदायका मानिसहरूको न्यून उपस्थिति रहेको छ, राजनीतिक, आर्थिक एवं सामाजिक विकास प्रक्रियामा उनीहरूको न्यून सहभागिता छ । उनीहरू असशक्त छन् । असक्ततताको कारण सशक्तिकरण गर्नमा कठिनाई छ । तसर्थ, आदिवासी जनजातिहरूलाई सशक्त पारी शासन व्यवस्थामा समावेश गर्नु नै आजको वस्तुगत आवश्यकता हो । सशक्तिकरणको मूलत ३ वटा आयाम हुन्छन्, शिक्षा, स्वास्थ्य र आम्दानी । यी पक्षकाबीस्च अन्तरसम्बन्ध (Correlation) हुन्छ । एक पक्षको मात्र विकासले विकासको पूर्णता हुँदैन । तसर्थ, उल्लेख्य संस्था र लोप हुन लागेको उनीहरूको भाषा, सस्कृति र समुदायको उखानको लागि यी पक्षहरूमा ध्यान दिई आदिवासी जनजातिहरूलाई मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक विकास प्रक्रियामा समावेश गराउयने साँचो प्रयत्न गरी समतामूलक समाजको विकास गरी समान अवसर दिलाउनु नै अपरिहार्य आवश्यकता पनि हो । यसको लागि निम्न प्रयत्न गरिनुपर्छ ।

- तथ्यांक संकलनमा बढी व्यवहारिकता, वैज्ञानिकता तथा सम्बद्ध पक्षको समाविष्टता भएमा तथ्यांकमा विश्वासनियता आउँछ ।
- तथ्यांक संकलन गर्दा नै विभिन्न सामाजिक, सांस्कृतिक तथा आर्थिक परिसूचकहरू समेतको गण्ना गर्न सकिएमा क्षेत्रगत नीति तथा कार्यक्रम तय गर्न सकिने देखिन्छ ।
- समावेशीकराण र सशक्तिकरण एक अर्कासँग अन्तरसम्बन्धित छन् । समावेश नगरी सशक्त नहुने र अशसक्त हुँदा समावेश गर्नमा कठिनाई हुने कुरालाई दृष्टिगत गरी क्षेत्र तथा लक्षित समुदाय कार्यक्रममा विशेष जोड दिइनुपर्छ । लक्षित कार्यक्रममा लक्षित समुदायलाई नै समावेश गर्नुपर्छ ।

- भाषा संस्कृतिको संरक्षणमा निश्चित स्रोत सहितको कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकनको परिपाटी बसाल्नु पर्छ ।
- स्थानीय समुदायको स्रोत, साधन र सीपको उपयोग एकै बजारको व्यवस्थापन गरिनुपर्छ ।
- पिछडिएका वर्ग र समुदायलाई निश्चित अवधिसम्म सकारात्मक विभेद र केही क्षेत्रमा आरक्षणको व्यवस्था गरिनुपर्छ । तर वैज्ञानिकता सफलताको आधार हुनेछ ।
- स्रोत साधनको सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरिनुपर्छ ।

**सन्दर्भ ग्रन्थको सूची**


- Central Burean of Statistics (2203), Population Monograph of Nepal, CBS, Kath.
- The World Bank (2006), World Dev. Rteport, The Oxford University, Press, N. York.
- United Nations Dev. Prog (2024), Nepal Human Dev. Report, UNDP, Kath.
- नेपाल अधिराज्यको संविधान, २०४७
- स्थानीय स्वायत्त शासन एने २०५५
- दशौं योजना, २०५९-६४, रा.यो.आ., काठमाडौं ।
- UNFM (1994) International Conference an population and development Kath.
- United Nations/HMG(2005), Nepal Millenium Development - Goals, profress Report, HMG, Kath.